स्थानीय राजपत्र

# सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या १


## सरुमारानी  गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन -२०७५

गाउँ सभाबाट स्वीकृत मिति : –२०७५।०३।२२

**प्रस्तावना :**

सरुमारानी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सरुमारानी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम : “**सरुमारानी गाउँपालिकाको विनियोजन ऐन, २०७५”** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

क) “ऐन” भन्नाले सरुमारानी गाउँपालिकाको विनियोजन ऐन, २०७५ सम्भ्रुनुपर्दछ ।

ख) “कार्यपालिका” भन्नाले सरुमारानी गाउँ कार्यपालिका सम्भ्रुनुपर्दछ ।

ग) “गाउँपालिका” भन्नाले सरुमारानी गाउँपालिका सम्भ्रुनु पर्दछ ।

घ) “सभा” भन्नाले सरुमारानी गाउँपालिकाको सभा सम्भ्रुनु पर्दछ ।

ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्भ्रुनु पर्दछ ।

**३. आर्थिक वर्ष २०७५।०७६** को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:

१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवाकार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, शसर्त

अनुदान, बिषयगत अनुदान आन्तरिक आम्दानी र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २७,९८,८४,६००।. (अक्षेरुपी सत्ताईस करोड अन्ठानब्बे लाख चौरासी हजार छ सय मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**४. विनियोजन:** (१) यस ऐन पारीत भई लागुहुने : ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त सरुमारानी गाउँपालिकेको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्नेसेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) अनुसूची २ मा रहेको ब्यय अनुमानका आधारमा गाउँपालिकाले चालु र पुँजीगत शिर्षकबाट हुने खर्चहरु र जगेडा कोषमा रहेको खर्च शिर्षक अन्तर्गत खर्चगर्नेछ ।

तर ससर्त अनुदानको चालु तथा पूँजिगत खर्चको हकमा बिषयगत शाखा चालु तथा पुँजीगत खर्च शिर्षक अनुसार नै खर्च गरिने छ ।

५) बजेटमा व्यवस्था भए अनुसारको संघ, संस्थाहरुले बजेटमा स्वीकृत कार्यक्रमको हकमा खर्च गर्दा अनुसूची ३ बमोजिम गर्नेछ । साथै बजेटमा व्यवस्था नभएका अन्य सरकारी, गैरसरकारी संघ, संस्थाहरुले कुनै कार्यक्रम गर्दा गाउँ कार्यपालिकाबाट अनुमती लिएर मात्र कार्यक्रम तथा खर्च गर्न सक्नेछन्।

६. यस ऐन पारित हुनु भन्दा अगाडि यस गाउँपालिकाबाट भएका सम्पूर्ण कामकारबाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ
७.यस ऐन पारित हुनु भन्दा अगाडि आ.व.०७४।०७५को बचत बाट संचित कोषमा जाने रकम गाउँसभाले अनुमोदन गर्ने गरी कार्यपालिका बैठकले बजेट विनियोजन गर्न सक्नेछ ।

## अनुसुची -१
(दफा २(१) संग सम्बन्धित)

| सि.नं | श्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार | | |
| | शर्सत अनुदान | १०,०२,४०,०००।. | |
| | वित्तिय समानिकरण अनुदान | ६,९८,००,०००।. | |
| | राजश्व बाँडफाँड | ५९४९२०००।. | |
| | सामाजिक सुरक्षा भत्ता | २,६०,००,०००।. | |
| | प्रदेश सरकार | | |
| | शर्सत अनुदान | ९६,००,०००।. | |
| | वित्तिय समानिकरण | ४०,६४,०००।. | |
| | राजश्व बाडँफाँड | ३५,७८,०००।. | |
| | आन्तरिक श्रोत | ७१,१०,६००।. | |
| | जम्मा रकम | २७,९८,८४,६००।. | |
| | सा.सु र शर्सतको रकम घटाउँदा | १४,४०,४४,६००।. | |
| | विनियोजन गर्न सकिने रकम | १४,४०,४४,६००।. | |

**अनुसुची - २**
**(दफा २(४) संग सम्बन्धित)**

२. सरुमारानी  गा.पा. आर्थिक वर्ष २०७५/०७६ मा चालुगत , पुँजीगत र सशर्त अनुदान बाट हुने व्यय विवरण :

| सि.नं | कार्यक्रम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| | शर्शत अनुदान | १०,९८,४०,०००।. | |
| | सामाजिक सुरक्षा भत्ता | २,६०,००,०००।. | |
| | पुजिगत तर्फ | ११,०६,४४,६००।. | |
| | चालु तर्फ खर्च | ३,३४,००,०००। | |

प्रमाणिकरण मितिः२०७५।०३।२४

आज्ञाले,
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत